# लोक सेवा आयोग

## राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको
## खुला प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा

मितिः २०८०/९/५

समयः ३ घण्टा                                                                                    पूर्णाङ्कः १००

पत्रः प्रथम

बिषयः शासकीय प्रबन्ध र विकास (Governance and Development)

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१. नेपाल सरकारले आ.व. २०७०/७१ को बजेटमा "नवीन विचार भएका तर लगानीयोग्य पूँजीको श्रोत नभएका साना र मध्यम व्यवसायी, आविष्कारकर्ता तथा उद्यमीलाई शुरु पूँजी उपलब्ध गराई प्रोत्साहन गर्न Startup Fund खडा गरिनेछ। यो कोषमा नेपाल सरकारले रु. ५० करोडको बीउ पूँजी राखी गैरआवासीय नेपाली र निजी क्षेत्रलाई समेत पूँजी लगाउन आव्हान गरिने छ " भनी स्टार्टअप फण्डका बारेमा प्रस्ताव गरेको थियो। त्यो आ.व. समाप्त भइसक्दा न त्यो कोष खडा भयो न गैरआवासीय नेपाली र निजी क्षेत्रलाई पूँजी लगाउन सरकारले सार्वजनिक आव्हान नै गऱ्यो। बजेटको मध्यावधि मूल्याङ्कनमा यसमा के प्रगति भयो? केही उल्लेख छैन। त्यो वर्षको वार्षिक प्रगतिमा तत्कालीन उद्योग मन्त्रालयले "कोष खडा गर्ने र बीउ पूँजी उपलब्ध गराउने सम्बन्धमा अवधारणा-पत्र अर्थ मन्त्रालयको सहमतिका लागि पठाइएको छ " भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ। त्यो वर्ष विनियोजन गरिएको रकम अरु कुन प्रयोजनका लागि खर्च गरियो वा फ्रिज भयो? भन्ने कहीँ खुल्दैन।

त्यसपछिका वर्षहरुमा स्टार्टअप फण्डको महत्व र आवश्यकताका बारेमा सरोकारका क्षेत्रहरुमा बहस हुने गरेको छ। सरकारको नीति तथा कार्यक्रम र बजेटमा पनि यस बारेमा उल्लेख हुँदै आए तापनि निजी क्षेत्रको सहभागितामा स्टार्टअप फण्ड सञ्चालन गर्ने नीति कार्यान्वयनमा आउन सकेन।

यसैबीच २०७९ सालको अन्त्यतिर अन्वेषण अनुसन्धानमा सार्वजनिक लगानी बढाउनुपर्छ भनेर सडक धर्ना बसेका अभियन्ता श्री महावीर पुनसँग सरकारले एउटा सहमति गऱ्यो। तदनुरुप, आ.व. २०८०/८१ को नीति तथा कार्यक्रममा "नवप्रवर्तन, आविष्कार, अनुसन्धान र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न नवप्रवर्तन तथा आविष्कार कोष स्थापना गरिनेछ, संसदको यसै अधिवेशनमा नवप्रवर्तन, अनुसन्धान र आविष्कार सम्बन्धी कोष सञ्चालन गर्ने विधेयक पेश गरिनेछ" भनेर घोषणा गरियो। आ.व. २०८०/८१ को बजेटले त्यसलाई विस्तार गर्दै अनुसन्धान, नवप्रवर्तन र आविष्कारका लागि वार्षिक कूल पूँजीगत बजेटको एक प्रतिशत खर्च गर्ने नीति लिने घोषणा गर्दै पहिलो वर्षका लागि एक अर्ब रुपैयाँको कोष खडा गर्ने र नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इको सिस्टम निर्माण गर्न भनेर १ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरेको छ। शुरुमा तत्कालीन उद्योग मन्त्रालयको जिम्मा रहेको स्टार्टअपको काम समेत हेर्ने गरी कोषको विधेयक मस्यौदा गर्ने जिम्मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई दिइएको छ। तर विधेयकको मस्यौदाको प्रगतिबारे सार्वजनिक रुपमा जानकारीमा आएको छैन।

माथि प्रस्तुत विवरण अध्ययन गरी निम्न प्रश्नमा आधारित भई विश्लेषणात्मक प्रस्तुति दिनुहोस्।                ८+८+९=२५

क) आ.व. २०७०/७१ देखि लागू गर्न घोषणा गरिएको स्टार्टअप सम्बन्धी नीति किन लागू हुन सकेन?

ख) अनुसन्धान, नवप्रवर्तन, आविष्कार, उद्यमशीलता र स्टार्टअपलाई एकै ठाउँमा मिलाएर कुनै कोष वा संस्था खडा गरेमा शुरुमा लिइएको स्टार्टअप प्रवर्द्धनको अवधारणा सार्थक हुन सक्छ/सक्दैन?

ग) आ.व. २०८०/८१ को बजेटमा उल्लेख भएको स्टार्टअप इको सिस्टम विकास नीति कार्यान्वयन गर्न के कस्ता रणनीतिहरु अवलम्बन गर्नुपर्ला? सो को कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना समेत प्रस्तुत गर्नुहोस्।

क्रमशः.....

२. नेपालको उत्तरी र दक्षिणी सीमा खुला छ। भौगोलिक विकटताको कारणले उत्तरतर्फको सीमामा तारबार गर्न सकिएको छैन भने दक्षिणी सीमामा सामाजिक, सांस्कृतिक एवं राजनीतिक कारणले तत्काल सीमानामा छेकबार गर्न सकिने देखिएको छैन। दुबै सीमा खुला हुनाले आपराधिक गतिविधि, संगठित अपराधका कृयाकलाप एवं चोरी निकासीमा आधारित बन्द व्यापारको बढोत्तरी हुँदै गएको छ। त्यसमाथि सीमा क्षेत्रमा तैनाथ नेपाली सुरक्षाकर्मीको पातलो उपस्थितिले उल्लिखित अबैध गतिविधिलाई सहज रूपमा नियन्त्रण गर्न अप्ठेरो परेको छ। खुला सीमानाबाट व्यापारिक वस्तुको तस्करी मात्र होइन मानव तस्करी समेत प्रशस्त हुने गरेको छ। सीमाको एकातिर अपराध गरेर अर्कोतिर लुक्न जाने, एउटा मुलुकमा आधार बनाएर अर्को मुलुकमा अपराध गर्ने र आतंककारी गतिविधि संचालन गर्ने काम पनि हुने गरेको देखिन्छ। अबैध व्यापारले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ भने आपराधिक गतिविधिले मुलुकको शान्ति सुरक्षा कमजोर बनाउँछ।

सीमा क्षेत्रबाट हुने अबैध व्यापार र आपराधिक गतिविधि रोक्न ठाउँ ठाउँमा सुरक्षा चौकीहरु राखेर, सुरक्षाबल परिचालन गरेर मात्र हुँदैन भन्ने शक्तिशाली मुलुकहरुको अनुभवले पनि देखाउँछ। कतिपय मुलुकले अन्तर्राष्ट्रिय सीमामा तारबार र पर्खाल लगाएका छन् तर पनि अपराधमा कमी आएको छैन। सीमा क्षेत्रका बासिन्दाले आपराधिक गतिविधिमा सहयोग गरेनन् वा त्यस्ता गतिविधिको प्रतिरोध गरे भने धेरै हदसम्म अपराधमा कमी आउँछ।

सीमा क्षेत्रका बासिन्दाको आर्थिक-सामाजिक उन्नतिका साथै स्थानीय बासिन्दा र सुरक्षा निकायबीच समन्वय भयो भने सीमा क्षेत्रमा हुने आर्थिक-सामाजिक अपराध नियन्त्रण गर्न सकिन्छ भन्ने मान्यता अनुरुप हाम्रा ठूला छिमेकी मुलुकहरुले विशेष कार्यक्रम सञ्चालन गर्ने गरेको देखिन्छ। भारतले आफ्ना १७ वटा राज्यका सीमा क्षेत्रमा रहेका १११ जिल्लामा सीमा ईलाका विकास कार्यक्रम सञ्चालन गरेको छ। सीमा क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार ल्याउने यो कार्यक्रमको अतिरिक्त सीमा क्षेत्रको पूर्वाधार विकासमा पनि लगानी गरेको छ। चीनले तिब्बत क्षेत्रका २१ वटा सीमावर्ती काउन्टीका ६२८ स्थानमा Xiaoguang Programme सञ्चालन गरेको छ।

माथि उल्लेख गरिएको सन्दर्भमा तलका प्रश्नहरुको विवेचनात्मक उत्तर दिनुहोस्। ६+६+६+७=२५

क) मुलुकले व्यहोर्नु परेको आपराधिक गतिविधिहरु (Criminal activities) एवं संगठित अपराधहरुको विद्यमान अवस्थाको मूल्याङ्कन गर्नुहोस्। त्यस्ता प्रकृतिका घटनालाई पुन: दोहोरिन नदिन प्रचलित व्यवस्थामा गर्नुपर्ने नीतिगत एवं कानूनी सुधारका उपायहरु के के देख्नुहुन्छ?

ख) माथि उल्लिखित प्रकृतिका घटनाहरुलाई नियन्त्रण गर्न र त्यस्ता घटनाहरुमा संलग्न पात्रहरुलाई कानूनी उपचारको दायरामा ल्याउन नेपालका सुरक्षा निकायहरुमा गर्नुपर्ने सुधारका उपायहरु के के हुन्?

ग) सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरुबाट राज्यले सीमा सुरक्षा कार्यमा के कस्तो भूमिकाको अपेक्षा गरेको छ? सो अपेक्षालाई हासिल गर्न राज्यले के कस्ता प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्नुपर्ला?

घ) खुला सिमानाका कारण देशको अर्थतन्त्रमा के कस्तो प्रभाव परेको देख्नुहुन्छ? सुधारका उपायसहित कार्यान्वयन गर्ने तरिका सुझाउनुहोस्।

३. नेपालको संविधानले सबै वर्ग, लिङ्ग, क्षेत्र र समुदायका विपन्न व्यक्तिलाई प्राथमिकतामा राखी सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्न गरिबी निवारण तथा रोजगार लक्षित कार्यक्रमहरु सञ्चालन गर्न मार्ग निर्देश गरेको छ।

नेपालमा गरिबी न्यूनीकरणका लागि आवधिक योजना, वार्षिक कार्यक्रम, नीति तथा लक्षित कार्यक्रमहरु विभिन्न चरणमा विभिन्न ढाँचामा कार्यान्वयन भए गरेको पाइन्छ। छैठौँ योजनामा जनताका न्यूनतम आधारभूत आवश्यकता पूरा गर्ने लक्ष्य राखिएको थियो। आठौँ योजनाले गरिबी घटाउने उद्देश्य लिएको थियो। त्यसपछिका सबै योजनाले गरिबी निवारणका लागि विभिन्न कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरे गराएको देखिन्छ। सामाजिक सुरक्षाका कार्यक्रमहरु पनि उत्तिकै प्राथमिकता र महत्वकासाथ कार्यान्वयन गर्ने प्रयास भएको पाइन्छ।

क्रमश:

संविधान, नीति, कानून र आवधिक योजनाले गरिबी निवारण प्राथमिकताको कार्यका रुपमा स्वीकार गरेको भए तापनि गरिबी न्यूनीकरणमा अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिँदैन। आवधिक योजनाको लक्ष्य पूरा नहुनु र वार्षिक कार्यक्रमहरुको पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नुले गरिबी न्यूनीकरणमा विभिन्न चुनौतीहरु रहेको स्पष्ट हुन्छ। वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या दिनानुदिन बढ्दै जानु, सीपमूलक र आय आर्जनका कार्यक्रमहरुले अपेक्षित नतिजा नदिनु, आन्तरिक रोजगारीका अवसर बढाउन नसक्नु र जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र महामारीका कारणले गरिबी न्यूनीकरणको लक्ष्य हासिल गर्ने कार्य थप चुनौतीपूर्ण भएको देखिन्छ। निरन्तर प्राथमिकता र प्रयासहरु गरिए तापनि नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या १५.१ प्रतिशत छ भने बहुआयामिक गरिबीमा रहेको शहरी जनसंख्या १२.३ प्रतिशत छ। ग्रामीण क्षेत्रमा यस्तो जनसंख्या २८.० प्रतिशत रहेको छ। प्रदेशगत तथ्याङ्क अनुसार सबैभन्दा बढी कर्णाली प्रदेशमा ३९.५ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशमा ७.० प्रतिशत रहेको देखिन्छ।

संघीय शासन पद्धति अन्तर्गत संघ, प्रदेश र स्थानीय तह गरी ७६१ सरकारहरुले गरिबी न्यूनीकरण गर्ने विविध तरिकाले काम पनि गरिरहेका छन्। उपलब्ध श्रोतबाट ७६१ सरकारहरुले गरिबी न्यूनीकरणमा गरेको खर्च एकीकृत गरी हेर्ने हो भने निश्चय नै ठूलो धनराशी खर्च भएको देखिन्छ। तर, तहगत समन्वय, सहकार्य, राष्ट्रिय मापदण्ड र संघीय बिषयगत मन्त्रालयहरुको प्राथमिकता र लक्षित समुदायको सहभागिता जस्ता बिषयमा विशेष ध्यान नपुग्दा श्रोत खर्च गरेर पनि अपेक्षाकृत उपलब्धि हासिल हुन सकेको पाइँदैन। विप्रेषणका कारण घट्न गएको गरिबी पुन: बढ्ने सम्भावित जोखिम एकातिर छ भने तीनवटै तहका सरकारको समन्वय, कार्य सीमा, नियमन र मूल्याङ्कनको स्पष्ट ढाँचा नहुँदा लक्षित कार्यक्रमहरुमा दोहोरोपन देखिनु, पहुँचवालाको कब्जामा पर्नुले कतिपय लक्षित समुदाय यस्ता कार्यक्रमको पहुँच बाहिर रहन पुगेका छन्।

यस परिवेशमा नेपालमा गरिबी न्यूनीकरणका विगतका प्रयासको समीक्षा गर्दै गरिबी निवारणका नीति र कार्यक्रमहरुलाई एकीकृत गरी कार्यान्वयन गर्न आगामी सोह्रौँ आवधिक योजनाले लिनुपर्ने नीति, रणनीति र प्राथमिकता कस्तो भएमा गरिबी न्यूनीकरणको लक्ष्य प्राप्त गर्न सकिएला? गरिबी न्यूनीकरणका लागि प्रदेश र स्थानीय तहको जिम्मेवारी के कस्तो हुनुपर्दछ? विवेचनात्मक उत्तर दिनुहोस्। २५

४. विषयगत (Subjective) पक्ष भएकोले मापन गर्न नसकिने भए पनि बौद्धिक पूँजीलाई राज्यको सम्पत्तिको रुपमा लिइन्छ। वित्तीय स्थिति, नागरिक अनुभूति, आन्तरिक प्रक्रिया र सांगठनिक क्षमताको सेरोफेरोभित्र रहेर बौद्धिक पूँजीलाई हेरिन्छ। कार्यरत जनशक्तिको ज्ञान, सीप, क्षमता र दक्षताले संगठनको मूल्य, मान्यता र संस्कारलाई प्रतिबिम्बित गर्दछ। यही मूल्यका आधारमा उक्त संगठनप्रति सार्वजनिक सोँचको निर्माण भएको हुन्छ। सकारात्मक सोँचको निर्माण भएको अवस्थामा मात्र संगठनले आफ्नो लक्षित उद्देश्य प्राप्त गर्न सक्छ। होइन भने, उक्त संगठन सरकारको लागि बोझ बन्दछ। सामूहिक दिमागी शक्ति (Collective Brain Power) को रुपमा रहने बौद्धिक पूँजीको समुचित उपयोग हुन नसक्दा नवप्रवर्तनको रुपमा देखिनुपर्ने सरकार राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा अप्रभावकारी र कमजोर हुनजान्छ। विशेष गरी सन् २००० देखि सरकार र बहुराष्ट्रिय कम्पनीहरुले बौद्धिक पूँजीको विषयलाई ज्यादै महत्वका साथ अध्ययन गर्न र यस पूँजीको क्षमता बृद्धि गर्न लागीपरेका छन्। नेपालले पनि विश्व मञ्चमा नेपाली बौद्धिक पूँजीको उर्जालाई आवधिक योजनाहरुको माध्यमबाट सिर्जनशील बनाउने प्रयास गर्दै आएको छ। प्राविधिक क्षेत्रमा बौद्धिक पूँजीले गरेको नवप्रवर्तनका उदाहरणहरु धेरै छन्। तर नेपालको सन्दर्भमा हेर्ने हो भने बौद्धिक पूँजीको उत्थानमा बौद्धिक पलायन (Brain Drain) ले चुनौती थपेको छ। सरकारी अधिकृत हुन् वा निजी कम्पनीमा काम गर्ने कर्मचारी हुन्, विदेश पलायन हुने स्थितिलाई कम गर्न सकिएको छैन। कर्मचारीको कुरा मात्र होइन, व्यवसायिक दक्षता र सीपमूलक क्षमता भएका आम युवाहरुसमेत घरमा बृद्ध भइसकेका आमाबुबालाई छाडेर विदेशिने प्रवृत्ति बढ्दै गएको छ। यसले मुलुकमा नवप्रवर्तनको वर्तमान कार्यसम्पादन क्षमतामा ह्रास त ल्याउँछ नै, सामाजिक असन्तुलन समेत बढाउँछ। अर्कोतिर जनसंख्याको ठूलो हिस्सामा रहेका युवालाई प्राविधिक शिक्षा तथा तालिमको माध्यमबाट दक्ष जनशक्तिमा परिणत गरी स्वदेशी तथा विदेशी श्रमबजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन सरकारी नीति भए पनि विश्वविद्यालयबाट उत्पादित जनशक्तिसमेत विदेश पलायन हुने गरेका छन्। ज्ञान तथा सीप र कामको बीच तालमेल नहुँदा बेरोजगारीको संख्या बढ्दै गएको अवस्था छ। उच्च आर्थिक विकासको मुख्य आधार मानिएको बौद्धिक पूँजी तथा मानव

क्रमश:

संशाधनको विकास जस्ता विषयहरु प्राथमिक क्षेत्रभित्र पर्न नसक्नुले मुलुकको सामाजिक र आर्थिक विकासमा ठूलो चुनौती थपिएको छ।

उपरोक्त स्थितिमा नेपालको बौद्धिक पूँजीको व्यवस्थापन र उचित उपयोगका लागि प्रशासनभित्र रहेको बौद्धिक पूँजीबारे सैद्धान्तिक र व्यवहारिक विश्लेषण गर्दै बौद्धिक पूँजीको व्यवस्थापनमा देखिएका समस्याहरुको पहिचान गर्नुहोस्। के कस्ता नीतिगत परिवर्तन वा परिमार्जनले संगठनभित्रको बौद्धिक पूँजीको प्रतिस्पर्धी क्षमतालाई बृद्धि गर्न र बढ्दो Brain Drain समेतलाई रोक्न सकिएला? आफ्ना सुझावसहित कार्यान्वयनयोग्य कार्ययोजना प्रस्तुत गर्नुहोस्। २५

««समाप्त»»